# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ०२ | संख्याः ०८ | मितिः फाल्गुन २७, २०७५


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग–२

### संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५

**१.** **प्रस्तावना :-** टोखा नगरपालिकाले आफ्नो क्षेत्रभित्र हुने विभिन्न नाचगान, जात्रा, पर्व, भजन, कीर्तन, पूजाआजा, रथयात्रा, गुठी संचालन लगायत अन्य धार्मिक अनुष्ठान आदीलाई संरक्षण र प्रवर्द्धन गरी आफ्नो छुट्टै सांस्कृतिक पहिचान राख्ने साथै यसका माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटनको विकास गरी नगरबासीलाई आर्थिक रुपमा पनि सक्षम बनाउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**२.** **संक्षिप्त नाम र प्रारम्भ :-**

२.१ यस कार्यविधिको नाम "संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५" रहेको छ।

२.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**३.** **परिभाषा :-**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ सम्झनु पर्दछ ।

(ग) “व्यवस्थापन समिति” भन्नाले संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ ।

(घ) “नगरपालिका” भन्नाले टोखा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “संस्कृति” भन्नाले नाचगान, जात्रा, पर्व, भजन, कीर्तन, पूजाआजा, रथयात्रा, गुठी संचालन लगायत अन्य धार्मिक अनुष्ठान आदीलाई सम्झनु पर्दछ ।

(च) “गुठी” भन्नाले परम्परागत रुपमा स्थापित समाजमा धार्मिक तथा सामाजिक गतिविधि गर्ने संस्थालाई ।

**४.** **कोषको स्थापना र सचिवालय :-**

४.१ टोखा नगरपालिकामा संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ र कोषको सचिवालय नगरपालिकाकै कार्यालयमा रहने छ ।

## परिच्छेद-२

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**५.** **कोषको अवधारणा :** नगरपालिका क्षेत्रभित्र हुने विभिन्न नाचगान, जात्रा, पर्व, भजन, कीर्तन, पूजाआजा, रथयात्रा, गुठी संचालन लगायत अन्य धार्मिक अनुष्ठानहरुको संरक्षण र प्रवर्द्धन गरी आफ्नो छुटटै सांस्कृतिक पहिचान राख्नुका साथै यसका माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटनको विकास गरी नगरबासीलाई आर्थिक रुपमा पनि सक्षम बनाउनु नै कोषको अवधारणा हुनेछ ।

**६.** **लक्ष्य :** विभिन्न नाचगान, जात्रा, पर्व, भजन, कीर्तन, पूजाआजा, रथयात्रा, गुठी संचालन लगायत अन्य धार्मिक अनुष्ठान आदीलाई संरक्षण र प्रवर्द्धन

गर्दै यसको ऐतिहासिक र सांस्कृतिक महत्वलाई सदैव जीवित राख्नु यस कोषको लक्ष्य रहेको छ ।

७. **उद्देश्य :** कोषका उद्देश्य देहायअनुसार हुनेछन् :-

७.१ नगरपालिका क्षेत्र भित्र मनाईने विभिन्न नाचगान, जात्रा, पर्व, भजन, कीर्तन, पूजाआजा, रथयात्रा, गुठी संचालन लगायत अन्य धार्मिक अनुष्ठान आदीको पहिचान गरी तिनीहरुको लगत लिने ।

७.२ टोखा सांस्कृतिक संरक्षण क्षेत्र घोषणा विकास समितिलाई गुरुयोजना तर्जुमा गर्ने कार्यमा सहयोग पुर्‍याउने ।

७.३ नियमित रुपमा जात्रा, पर्व, मेला, पूजा, भजन, रथयात्रा तथा अन्य धार्मिक तथा सांस्कृति गतिविधि संचालन गर्ने गुठी वा संस्थालाई आर्थिक सहयोग प्रदान गर्ने ।

७.४ जात्रा, पर्व, मेला तथा अन्य धार्मिक तथा सांस्कृति गतिविधि संचालन गर्ने गुठी वा संस्थाका सदस्यहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन गर्ने ।

७.६ जात्रा, पर्व, मेला तथा अन्य धार्मिक तथा सांस्कृति गतिविधि संचालन गर्ने गुठी वा संस्थालाई बाजागाजा तथा अन्य आवश्यक सामग्री खरीद गर्न सहयोग गर्ने ।

८. **नीति :** यस संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषका नीतिहरु निम्न बमोजिम हुनेछन् :

८.१ धार्मिक सांस्कृति प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

८.२ धार्मिक सांस्कृति गतिविधि गर्ने गुठी तथा संस्थाहरुको क्षमता विकास गरी उनीहरुलाई सक्षम बनाउने ।

८.३ धार्मिक सांस्कृतिक गतिविधिहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्ने ।

८.४ धार्मिक र सांस्कृतिकको क्षेत्रमा छुट्टै पहिचान बनाई नगरपालिकालाई उत्कृष्ट सांस्कृतिक नगरको रुपमा विकास गर्ने ।

८.५ टोखा क्षेत्रलाई विश्व सम्पदा सूचिमा समावेश गर्न प्रयत्न गर्ने ।

८.६ नगर क्षेत्रमा रहेको विभिन्न शिलालेखहरुको पहिचान गरी सूची तयार गर्ने ।

## परिच्छेद-३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्वन्धी व्यवस्था

९. **कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था :**

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि निम्नानुसारको व्यवस्थापन तथा सञ्चालन समिति गठन गरिने छ :-

(क) नगरपालिकाका प्रमुख -संयोजक

(ख) नगरपालिकाका उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगर प्रमुखले मनोनित गरेका कार्यपालिकाका २ जना महिला -सदस्य

(ङ) नगर कार्यपालिकाले तोकेको अधिकृतस्तरको शाखा प्रमुख -सदस्य सचिव

आवश्यकता अनुसार उपरोक्त समितिमा सांस्कृतिक विज्ञलाई सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

९.२ व्यवस्थापन समितिको बैठक सामान्यतया बर्षमा २ पटक बस्नेछ । संयोजकको आदेशले सदस्य सचिवले बैठक बोलाउने छन । आवश्यकता महसुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

९.३ व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय संयोजकले प्रमाणित गर्नु पर्नेछ ।

९.४ बैठकमा भाग लिए वापत समितिका पदाधिकारीहरुले नगर कार्यपालिकाका सदस्यहरुले पाए सरह बैठक भत्ता पाउनेछन ।

१०. **सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषका लागि आर्थिक स्रोतको यकीन गर्ने ।

(ख) कोषको वार्षिक योजना तर्जुमा गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने।

(ग) धार्मिक तथा सांस्कृति प्रवर्द्धनका लागि प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) धार्मिक तथा सांस्कृति गातिविधिहरु संचालन गर्ने गुठी तथा संस्थाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने मापदण्ड स्वीकृत गरी अनुसूची १ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।

(ङ) धार्मिक तथा सांस्कृतिक गतिविधिहरु संचालन गर्ने गुठी तथा संस्थाका सदस्यहरुको क्षमता विकासका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

(च) कोषबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मुल्याँकन गर्ने ।

(छ) कोषका कार्यमहरुको प्रगति समीक्षा गर्ने गरी सो को प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने ।

११. **कोषका संयोजकको काम कर्तव्य र अधिकार :** संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष व्यवस्थापन तथा सञ्चालन समितिका संयोजकको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको योजना तर्जुमा तथा सोको स्वीकृति गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

१२. **कोषका सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष व्यवस्थापन तथा सञ्चालन समितिका सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) संयोजकको आदेशानुसार बैठक बोलाउने, संयोजकसँगको सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) संयोजकले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(च) कोषका कार्यक्रम तर्जुमा स्वीकृति र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(छ) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम, कर्तव्य र अधिकार :** संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष व्यवस्थापन तथा सञ्चालन समितिका सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) संयोजकको काममा सहयोग पुऱ्याउने ।

(ग) तोकिएका अन्य जिम्मेवारीहरु पूरा गर्ने ।

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) संयोजकले तोकेका अन्य दायित्व निर्वाह गर्ने ।

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद-४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तीय व्यवस्थापन :**

१४.१. कोषको नाममा एउटा खाता रहने छ, जसमा देहायका रकमहरू रहने छन्:

(क) नगरपालिकाबाट संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषका लागि छुट्याइने वार्षिक रकम ।

(ख) वित्तीय समानिकरण अनुदान, शशर्त अनुदान वा विशेष अनुदानबाट संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषका लागि खर्च लेख्न मिल्ने रकम ।

(ग) दातृ निकाय, परियोजना, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(घ) कोषलाई सेवा शुल्क वापत प्राप्त हुने रकम ।

(ङ) कोषलाई अन्य क्षेत्रबाट प्राप्त हुने रकम ।

१४.२. कोषको रकम नगरपालिकाको अन्य सरकारी कारोवार हुने बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका प्रमुख वा निजहरुले तोकेका अन्य कर्मचारीहरुको संयुक्त दस्तखतबाट हुनेछ ।

१४.३ कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ ।

१४.४ कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

**१५.** **कोषको आर्थिक व्यवस्था :** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा टोखा नगरपालिकाको आर्थिक ऐन, सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद निमायवली २०६४ बमोजिम हुनेछ ।

**१६.** **अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :** कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सोही प्रयोजन बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न पाइने छैन ।

**१७.** **कार्यक्रम संचालन सम्बन्धी खर्चको व्यवस्था :**

१७.१ कोषबाट सञ्चालन हुने कार्यक्रमहरू कोषले आफै वा अन्य सरकारी/गैरसरकारी निकायसँग मिलेर सञ्चालन गर्न सक्नेछ ।

१७.२ कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ/संस्थाहरूबाट सञ्चालन गराउन सक्नेछ ।

## परिच्छेद-५
## विविध

**१८.** **कोषबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने :** संस्कृति संरक्षण तथा प्रवर्द्धन सम्बन्धी योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषवाट मात्र सञ्चालन गरिने छन् ।

**१९.** **जाँचपास तथा फरफारक :** कोषबाट सञ्चालन गरिएका कार्यक्रमको जाँचपास तथा फरफारक नगरपालिकाले गर्नेछ ।

२०. **वार्षिक योजनामा समावेश गर्ने :** कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरू स्वीकृतीका नगर सभाको जानकारीका लागि नगरपालिकाको वार्षिक योजनामा पेश गर्नुपर्नेछ ।

२१. **कार्यविधिको संशोधन :** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

२२. **बचाउ र खारेजी :**

२२.१ यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, विनियोजन ऐन २०७५, आर्थिक ऐन २०७५, सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ सँग बाझिन गएमा बाझिएको हकमा बाझिए जति स्वतः खारेज भएको मानिने छ ।

२२.२ कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा नगरपालिकाले कोषलाई खारेज गर्न सक्ने छ ।

२२.३ कोष खारेज भएमा कोषमा रहेको चल-अचल सम्पति तथा दायित्व नगरपालिकामा स्वतः सर्नेछ ।

## अनुसूची १

## संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषकाट वार्षिक रुपमा प्रदान गरिने सहायताको विवरण :

| क्र. सं. | गतिविधि | उपलब्ध गराइने अधिकतम सहयोग |
|---|---|---|
| १ | पूजा पाठ गर्नका लागि टोखा मूल नाईकेलाई | रु.१,५०,००० |
| २ | गणेश र कुमारीको पालन पोषण, शिक्षा, नित्य पूजाका लागि | रु.२,००,००० |
| ३ | परम्परागत धार्मिक तथा सांस्कृतिक जात्रा, पूजाआजा, भजन, कीर्तन, रथयात्रा, नृत्य लगायत अन्य धार्मिक अनुष्ठानका क्रियाकलापहरु आयोजना गर्न प्रति गुठी वा संस्था | रु.२०,००० |
| ४ | परम्परागत धार्मिक तथा सांस्कृतिक बाजा खरीदका लागि | रु.५०,००० |
| ५ | धार्मिक तथा सांस्कृति गुठीका सदस्यहरुका लागि क्षमता विकास तालिम संचालनका लागि | रु.५०,००० |
| ६ | धार्मिक तथा सांस्कृतिक पर्वमा लागाउने विशेष पहिरन खरीदका लागि प्रति गुठी | रु.२०,००० |
| ६ | कुनै पर्व विशेषमा आयोजना गरिने धार्मिक तथा सांस्कृतिक जात्रा वा मेलाको प्रचार प्रसार तथा आयोजना गर्न प्रति गुठी वा संस्था | रु.५०,००० |

उपरोक्त बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि विधिवत रुपमा दर्ता भएको गुठी वा संस्थाले आफूले आयोजना गर्ने गतिविधिहरुको विस्तृत विवरण सहित वडा कार्यालय मार्फत सिफासिर लिई सांस्कृतिक प्रवर्द्धन कोष सञ्चालन समितिमा निवेदन पेश गर्नु पर्नेछ । माथि उल्लेख गरिए देखि बाहेकका गतिविधिहरुका लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**प्रमाणिकरण मिति: २०७५।११।२७** **आज्ञाले,**

**प्रमुख प्रशासकिय अधिकृत**

**मूल्य रु. २०/-**